# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : ०७९/८०
चलानी नं. :- 9692

मिति :- २०८०।०३।०३

विषयः विद्यालय सञ्चालन सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,
विहादी गाउँपालिका पर्वत ।

प्रस्तुत विषयमा आज मिति २०८०।३।३ गते देखि नेपाल विद्यालय कर्मचारी परिषद राष्ट्रिय समिति द्वारा अनिश्चितकालिन सामुदायिक विद्यालय बन्दका कार्यक्रम सञ्चालन गर्ने भन्ने निर्णय विभिन्न संचारमाध्यमबाट प्रकाशित/प्रशारित भएको साथै विद्यालयका कर्मचारीहरु विद्यालय बन्द गर्ने भन्दै विद्यालय संचालनमा अबरोध गरेको भन्ने सूचना प्राप्त भएकोले विद्यालयको पठनपाठन बन्द हुँदा बालबालिकाको शिक्षा प्राप्त गर्ने मौलिक हक कार्यान्वयनमा बाधा पर्न जाने, यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिमा बाधा पर्ने, साथै विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ को बुँदा नं. ६.२को (घ) मा भएको व्यवस्था विपरीत देखिएकोले संघीय सरकार समक्ष माग गर्नुपर्ने विषय विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी रचनात्मक र सांकेतिक रुपमा माग राखी नियमित विद्यालय संचालन गर्ने/ गराउने व्यवस्था मिलाउनुहुन अनुरोध गर्दछु ।

विद्यालय नियमति संचालनका लागि शिक्षा शाखा मार्फत निर्देशन दिइएकोले विद्यालय संचालनको अनुगमनको व्यवस्था समेत मिलाइएको जानकारी गराइन्छ । नियमित पठनपाठनमा अबरोध गर्ने कार्य गरेमा प्रचलित कानून अनुसार कार्वाही प्रक्रिया अगाडी बढाइने समेत जानकारी गराइन्छ ।

२०८० ।०३।०३

परविन गुरूङ
अध्यक्ष